बैठक संख्या १८

आज मिति २०७६।१२।२६ गतेका दिन प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलालीका निमित्त प्रमुख सचिव श्री अर्जुन प्रसाद पोखरेलज्यूको अध्यक्षतामा यस सुदूर-पश्चिम प्रदेश सरकारका मन्त्रालयहरुका सचिवज्यू तथा प्रतिनिधि ज्यूहरुको उपस्थितिमा बैठक बसी विविध समसामयिक विषयहरु छलफल तथा निर्णय गरियो।

उपस्थिति :

१. निमित्त प्रमुख सचिव श्री अर्जुन प्रसाद ~~घिमिरे~~ पोखरेल
२. प्रदेश सचिव श्री किशोर कुमार चौधरी, मु.म.तथा.म.प.
३. प्रदेश सचिव श्री सुमनराज अर्याल, आ.मा.यो.म.
४. नि. प्रदेश सचिव श्री तेज प्रकाश जोशी, आ.का.का.म.
५. प्र.प्र.कि.अ. डा. हेमराज अवस्थी, भू. के. ले. प.
६. नि. प्रदेश सचिव श्री जनक पाध्या, उ.प.व.का.म.
७. प्रदेश सचिव श्री हरिप्रसाद लम्साल सा. वि. म.

निर्णयहरु

१. प्रदेश सरकारका मन्त्रालयका प्रमुख सचिव र सचिवको शुरु तलव स्केलको ७ (सात) दिन बरावर हुन आउने रकम सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (Covid-19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोषमा आर्थिक सहयोग स्वरुप जम्मा गर्ने ।
२. प्रदेश सरकारका मन्त्रालय तथा मातहतका निकायहरुमा कार्यरत अन्य कर्मचारीहरु (अस्थायी/करार समेत) को हकमा देहाय बमोजिमको रकम सो कोषमा जम्मा गर्न सबै मन्त्रालयहरूमा अनुरोध गर्ने ।
   - क. अधिकृतस्तर एघारौं तह वा सो सरहका कर्मचारीहरुको हकमा शुरु तलव स्केलको ७ (सात) दिन बरावर हुन आउने रकम,
   - ख. अधिकृतस्तर छैठौं, सातौं, आठौं, नवौं र दशौं तह वा सो सरहका कर्मचारीहरुको हकमा शुरु तलव स्केलको ५ (पाँच) दिन बरावर हुन आउने रकम,
   - ग. सहायकस्तर पाँचौं र चौथो तथा श्रेणी विहिन कर्मचारीहरुको हकमा शुरु तलव स्केलको ३ (तीन) दिन बरावर हुन आउने रकम,
३. कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारको लागि सबैले आ-आफ्नो क्षेत्रमा कार्य गर्ने । कार्य संचालन एवं सम्पादन गर्ने क्रममा समस्या देखिएमा कोरोना भाइरस (Covid-19) रोग नियन्त्रण तथा समन्वय निर्देशक समिति र प्रदेश संकट व्यवस्थापन केन्द्रमा लेखि पठाउने ।
४. आगामी आ.व. २०७७।०७८ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको लागि आन्तरिक रुपमा छलफल तथा तयारी गर्ने ।

प्रमुख सचिव